# नेपालभाषा मिसा खलः (ने.भा.मि.ख)
## काठमाण्डौ जिल्ला प्रशासन दर्ता २९२।०४८।०४९ मिति २०४८।११।२८
## समाज कल्याण परिषद् आवद्ध २४२३ मिति २१५१।११।१९

**भूमिका**

नेवार जाति नेपाल सरकारबाट सुचीकृत ५९ आदिवासी जनजातिहरू मध्ये एक आदिवासी जाति हो । यसलाई सुविधा सम्पन्न समुहमा सुचिकृत गरिएको छ । नेवारहरूको बाक्लो बसोवास रहेको नेपाल मण्डल भित्र रहेको काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, सिन्धुलि, धादिङ्ग, नुवाकोट, मकवानपुर आदि जिल्लाहरूमा बसोबास रहेको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेवारहरूको जनसंख्या कुल १२,४५,२३२ रहेको छ । जसको ५१% भाग महिलाहरूले ओगटेको छ । नेवार जाति भाषा, साहित्य, संगीत, ललित कला, धातु तथा प्रस्थर कला आदि कला कौशल तथा रहन सहन भेषभुषा आदि सँस्कृति तथा सभ्यतामा निकै सम्पन्न जाति मानिन्छ ।

नेपालभाषा मिसा खलः नेवार महिलाहरू नेवार जातिको भाषिक, आर्थिक सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकार र हकको संरक्षण सम्वर्धन गर्ने दृढ प्रतिवद्धताले स्थापना भएको गैर मुनाफा रहित स्वतन्त्र, सामाजिक स्वयमसेवी संस्थाको रुपमा ने. सं ११०९ गुंलागाः सप्तमी (भाद्र जन्माष्टमी २०४६) मा स्थापित भइ २०४८ सालमा का.जि.प्र.मा दर्ता रहि २०५१ साल देखि समाज कल्याण परिषद्मा आवद्ध रही आएको छ । त्यस्तै राष्ट्रिय आदिवासी जनजाति महिलाहरूको २२ वटा जातीय संगठनको छाता संगठनको राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको संस्थापक सदस्य संस्थाहरू मध्ये एक हो ।

**खलःको संरचना**

नेपालभाषा मिसा खलःको विधान अनुसार प्रत्येक ३/३ वर्षमा हुने अधिवेशनमा निर्वाचन प्रकृयाबाट ९ सदस्यीय केन्द्रीय कार्यकारी समितिको चयन हुने गर्दछ । अधिवेशनले पारित गरेको नीति नियम र मार्ग निर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको संचालन र नियन्त्रण गर्ने जिम्मा पनि कार्यकारी समितिमा नै रहने गर्दछ । यसले आवश्यकता अनुसार जिल्ला समिति/इकाइ तथा नगर/गा.वि.स.मा प्रारम्भिक इकाईहरू गठन गर्न सक्ने छ । हाल यस संस्थाको ५ वटा जिल्लामा खलःको जिल्ला इकाईहरू रहेको छ ।

नेवार जातिको छाता संगठन नेवाः देय् दबूमा महिलाहरूको अधिकतम प्रतिनिधिमूलक सहभागीताको लागी स्वतन्त्र रुपले महिलाहरूको संगठन निर्माण गर्न प्रोत्साहन दिदै आएको छ । त्यस्तै खलःको उद्देश्य र मुद्दासित साझा भावना राख्ने संस्थाहरूसँग सम्वन्ध विस्तार गर्दै आएको छ ।

**दिर्घकालीन सोचः**

राष्ट्रीय विकासको सबै तह र प्रक्रियाको मूल प्रवाहमा नेवार महिलाहरूको पहुँच र समाहित गराउँदै जातीय, भाषिक, धार्मिक सांस्कृतिक, तथा लैंगिकताका आधारमा समता र समानता प्राप्त गनै सक्षम बनाउने ।

**ध्येयः**

नेवार महिलाहरूलाई राष्ट्रिय जीवनका हरेक तहमा (गाउँ देखी राष्ट्रिय तह हुँदै) अन्तर्राष्ट्रिय स्तरसम्म ल्याउन सशक्त गर्नुका साथै समाजमा विद्यमान आर्थिक सामाजिक सांस्कृतिक तथा राजनीतिक आदी विभेदहरूलाई निस्तेज र निर्मूल गर्दै महिलाको समान सहभागीतामा योगदान पुऱ्याउने ।

**उद्देश्यहरू**

- नेवार महिलाहरूको योगदानले नेवारहरूको मातृ भाषा, साहित्य तथा संस्कृतिको संरक्षण र प्रवर्धन गर्ने ।
- नेवार महिलाहरूको सामाजिक आर्थिक स्तर उत्थान गर्ने ।
- नेवार महिलाहरूमा रहेको सिर्जनशीलता र बौद्धिक सम्पतिको परिचालन गर्ने ।
- नेवार महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन पहल तथा पैरवी गर्ने ।
- नेवार जातिको पहिचानको संरक्षण गर्ने ।
- आदिवासी जनजाति महिला तथा अन्य महिलाहरूले महिलाहरूको अधिकारको साझा सवाल र आवाजलाई प्रभावकारी बनाउन ऐक्यबद्ध हुने

- साझा उद्देश्य भएका राष्ट्रिय⁄अन्तर्राष्ट्रिय स्तरका संघसंस्थाहरूसित संञ्जाल र सहकार्य विस्तार गर्ने ।
- नेवार समुदायमा रहेको लैंगिक चेतना अभिवृद्धि कार्यक्रम गर्ने ।
- नेवार समुदायका नयाँ पुस्तालाई जातीय तथा राष्ट्रिय गौरव प्रवर्द्धनार्थ उत्प्रेरित गर्ने ।
- नेवार समुदायका पुराना पुस्ताका महिलाहरूको सम्मान र सहकार्य गर्ने ।

**<u>खलःले सञ्चालन गर्दै आएको प्रमुख कार्यक्रमहरूः</u>**

संस्थाको स्थापनाकाल देखी नेपालभाषा मिसा खलःले सिमित स्रोत र साधनको परिधिमा रहि सदस्यहरूको सहयोग र सदासयतामा निरन्तररुपमा निम्नलिखित कार्यहरू गर्दै आएको छ ।

१. आत्मनिर्भरताको लागि क्षमता विकास तालिम - आत्मसम्मान, नेतृत्व विकास, स्वावलम्वनका लागि सिप, व्यापार प्रवर्धन तथा लेखा नियन्त्रण सिप लगायत आर्य आर्जन हुने च्याउखेती, प्रांगारिक मल, रद्दी वस्तुको पुनः प्रयोग प्रविधिवाट कलात्मक वस्तु बनाउने, सफ्ट त्वाईज बनाउने, फेब्रिक⁄ब्लक पेण्टीङ्ग, क्रचेट⁄स्विटर बुन्ने, सिलाई कटाई ड्रेस डिजाइन, अचार तथा केण्डी बनाउने तालिमहरू प्रदान गर्दै आइरहेको छ ।

२. सशक्तीकरण कार्यक्रमहरू -
- मातृभाषा माध्यमबाट शिक्षा पाउनु पर्ने अधिकारको स्थापनार्थ मातृभाषामा शिक्षा दिने संस्थाहरूको स्थापना र विकासमा सहयोग गरेको ।
- राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको सहयोग तथा आयोजनामा गाउँ देखि राष्ट्रिय स्तरका महिला सशक्तीकरण तथा अधिकारमुखी प्रशिक्षणहरू संचालन गर्दै आएको ।
- नेवार महिलाहरूको नेतृत्व सीप विकास सम्वन्धी तालिम⁄गोष्ठीहरूको आयोजना हुँदै आएको ।

३. सामुदायिक सचेतना कार्यक्रमहरू - पानी तथा वातावरणीय सरसफाई तथा प्राकृतिक स्रोत साधनको संरक्षण शिक्षा ।
४. राष्ट्रिय सांस्कृतिक सम्पदा संरक्षण तालिम - नेवारजातिको सांस्कृतिक महत्वका विषय जस्तै यःमह्रि, चतांमह्रि, थाय्ब्वँ तथा ग्वःजा बनाउने तालिम संचालन गरेको ।
५. भाषा, साहित्य तथा कला सँस्कृति संरक्षण क्षेत्रका कार्यक्रमहरू
- परम्परागत रुपले पुरुषहरूको बर्चश्वभित्रको कला कौशलहरू जस्तै धिमे वादन, चरिया नृत्य तथा अन्य गायन, वाद्यवादन तथा नृत्य कलालाई महिलाहरूलाई छुट्टै तालिम दिइ परिचालित गरेको ।
- देशको विभिन्न भागमा गई नेवार समुदायलाई नेवार संस्कृतीका विभिन्न पक्षबारे प्रयोगात्मक प्रशिक्षणहरू संचालन गर्दै आएको ।
- नेवाः मिसा महोत्सव आयोजना गरी उपत्यका बाहिरका नेवारहरूको वृहत सार्वजनिक भेला गरी महोत्सवको माध्यमले नेवार जाति लगायत आदिवासी जनजातिहरूलाई समेत नमुना बनेको ।
- नेवार जातिभित्रको अनेकतालाई विभिन्न भेषभुषा, रहनसहन तथा खानपानको प्रदर्शनहरू राष्ट्रिय स्तरमा गर्दै आएको ।
- महिलाहरूको उद्यमशीलतालाई विभिन्न समय र अवसरमा प्रदर्शनीहरूको आयोजना तथा सहभागीता ।

६. जनवकालतका कार्यक्रमहरू -
- महिलाप्रति हुने सबै प्रकारका भेदभावपुर्ण ऐनकानुन खारेजीको लागी सर्वोच्च अदालतमा मुद्दा दायर तथा पैरवी,
- नेपालको विशिष्टता प्राप्त गरेको श्रीकुमारी संस्कृति माथिको बालअधिकारको हवाला दिई भएको आक्रमक मुद्दाप्रति मौलिक संस्कृति प्रतिपालन गर्न पाउने आदिवासीहरूको अधिकारको र कुमारी संस्कृतिको प्रतिरक्षा मुद्दा दायर गरेको ।
- मातृभाषा शिक्षाको अधिकार,
- महिला अधिकार मानव अधिकार, बसोवासको अधिकार महिला अधिकार लगायत आदिवासी जनजाति महिलाको विशिष्ट अधिकार संरक्षण बारे ।

- अनिवार्य संस्कृत शिक्षाको विरोध अभियान,
- शान्ति र बिकासका लागी तत्कालिन सरकार र माओवादीलाई शान्ति सम्झौता सम्पन्न गर्न दवावमूलक नागरिक समाजको वृहत कार्यक्रम सहभागीता ।
- विभिन्न समयमा हुने जनआन्दोलन, जनदवाव, तथा महिला/मानवअधिकार संरक्षणार्थ हुने धर्ना, जुलुस प्रदर्शनका कार्यक्रमहरू

७. जिथि भलसा छैं (जेष्ठ नागरिकहरूको आश्रय) निर्माण कार्य तथा दिवा सेवा केन्द्र अवधारण परिक्षण स्वरुप प्रत्येक महिनाको संक्रान्तिमा बौद्ध भिक्षुणीहरूको सहयोगमा ध्यान, भजन, कथा वाचन आदी कार्यक्रम नियमित हुदै आएको छ ।

८. युवाहरूको लागी विशेष कार्यक्रमः
   - बालबालिका तथा युवाहरूमा मातृभाषाको महत्व
   - नयाँ पुस्ताको सामाजिकीकरणमा जेष्ठ अभिभावक (बाजेबज्यै)को भूमिका र महत्व
   - नयाँ पिढिलाई महिला विकास र लैगिंक अवधारणा बारे सचेतना कार्यक्रम
   - नयाँ पुस्ताको चाहना र आवश्यकतालाई ध्यानमा राखी युवाहरूको लागी अन्तरकृया, तालिम, गोष्ठी, सांस्कृतिक कार्यक्रम तथा स्वयमसेवी कार्यक्रमहरूको आयोजना गर्दै आएको ।
   - सिर्जनशील लेखन प्रतियोगिता, ललित कला प्रदर्शन तथा चित्रकला प्रतियोगिताहरूको आयोजना

९. सामुदायिक सेवा कार्यक्रमहरू
   - दैवी प्रकोप/विपत्ति जस्तै वाढि, भुकम्प तथा अग्निकाण्ड आदिले पिडितहरूको उद्दार
   - प्राथमिक उपचार सेवा तथा  आधारभूत सेवा प्रदान गर्दै आएको ।
   - सार्वजनिक स्थानमा स्वास्थ्य शिविरहरू संचालन ।
   - धार्मिक सांस्कृतिक रुपले हरेक वर्ष बैशाख पुर्णिमाका दिन स्वयम्भू दर्शनार्थ आउनेहरूलाई सर्बत तथा खानेपानीको सार्वजनिक वितरण सेवा पुऱ्याउदै आएको ।
   - सोहि दिन राष्ट्रिय जीवनमा महत्व राख्ने विषयमा सचेतना कार्यक्रम आयोजना गर्दै आएको ।

५. प्रकासनहरू

क) मौलिक <u>कृतिहरू</u>

१. ज्यामी - रेवती राजभण्डारी (कथा संग्रह) नेसं १११५
३. पलाखय् लुगु लुमन्ति (यात्रा स्मरण) - जुहि सुवाल, नेसं १११५
४. ऋतु में - बाह्रमासा में छगु अध्ययन (शोध ग्रन्थ) - मंगला कारंजित, १११५
५. जिन्दगीः बयँ् वाःगु हि चेतनाया मिं (कविता) - बुद्ध सायमि, नेसं १११८
६. नेपालभाषा आधुनिक नाटकय् मिसा समस्या (शोध ग्रन्थ) - चुन्दा बज्राचार्य, १११८
७. इलं फपूइकी, (कथा संग्रह) - सुवर्ण केशरी चित्रकार नेसं ११२१
८. पौभा छगू जीवनया (कथा संग्रह) - सरस्वती तुलाधर, नेसं ११२१
९. तिकिनंगू मिं (कविता संग्रह) - प्रतिसरा सायमि, नेसं ११२१
१० लयँलुगू किपाः (कथा संग्रह) - मेनुका देबी तुलाधर, नेसं ११२१
११. थीथी स्वाँ जिगु क्यबया (कथा संग्रह)          - रीना तुलाधर, नेसं ११२१
१२. लुँहितीया ताःचा (पाठ्पुस्तकको सरलीकरण) सम्पादन -सरस्वती तुलाधर, नेसं ११२१
१४ .दुवाः ध्वदूकेत (कथा संग्रह) - लोचन तारा तुलाधर, नेसं ११२२
१५. ईलं ल्हेया ललित विस्तर (सार संग्रह) - प्रेमहिरा तुलाधर, नेसं ११२३
१६. बौद्ध तीर्थ यात्रा जिगु अनुभव (यात्रा स्मरण)- कृष्ण देवी बज्राचार्य, नेसं ११२३
१७. लुमन्ति (राशीफल पुजा विधि)      ने.स. ११२४
१८. किपालु जिगु नुगःया (कविता संग्रह) - कृष्ण देवी बज्राचार्य, नेसं ११२५
१९. ह्युपाः म्हिगः व थौं (कथा संग्रह) - जुहि बज्राचार्य सुवाल, नेसं ११२६

२०. प्यागु फुंगा (कविता संग्रह) - रेवती राजभण्डारी, ने.स. ११२७
२१. म्हसिका (नेपालभाषा मिसा खलः र ५ जना अग्रज नेवार महिलाहरूको जीवनी) नेपालभाषा साहित्यमा महिला योगदानको ५० वर्षकॊ उपलक्षमा) ने.स. ११२७

<u>ख) विधि विधान</u>
१ सुज्या छपुलु - खलः आफै, (विधिविधान) नेसं १११४
२. म्हपुजा छपुलु (पुजा विधि विधान) - नेसं ११२२
३. लुमन्ति (राशिफल पुजा विधि) - नेस ११२४

<u>ग) पत्रिका</u>
१. संन्ध्या टाइम्स दैनिकमा सरसफाइ सप्ताह तसाँ पौ (विशेष अंक) - नेसं ११२०
२. नेवाः मिसा, स्मारिका - खलः आफै, नेसं ११२१
३. जिमिगु सः (खलःको मुखपत्र) - खलःका युवा सदस्यहरूबाटं, नेसं ११२२

<u>ग) क्यालेण्डर</u>
महामञ्जुश्री (कलाकृति, प्रेममान चित्रकार) - नेसं १११४
कुमारी (कलाकृति, चन्दा श्रेष्ठ) - नेसं १११५

**<u>खलःलाई प्राप्त भएको पुरस्कार तथा सम्मानहरू:</u>**

१. **गोविन्द सिरपा, ने. सं १११५** भाषा, साहित्य र सांस्कृतिक उत्थानमा उत्कृष्ट योगदान गरे वापत, लोक साहित्य परिषद
२. **न्हुदँ सिरपा, ने.सं. १११७** उत्कृष्ट साँस्कृतिक झाँकि प्रदर्शन, न्हु दँ समारोह समिति
३. नगद पुरस्कार, नेसं ११२२, पुर्णकाजी ताम्राकार
४. **मतिना** नाटकको उत्कृष्ट नायिका र निर्देशनका लागि राष्ट्रिय नाटक महोत्सव पुरस्कार, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान २०६०
५. चित्तधर सिरपाः, ने.सं ११२६ साहित्यिक उत्थानको लागी निरन्तर तथा उत्कृष्ठ कार्य गरेवापत ।

**नेपालभाषा मिसा खलः**
**केन्द्रीय कार्यालय,**
**जमल - १, काठमाण्डौ**
फोनः ९७७-१-४२२६४१६/४२२५५६०
सम्पर्क - ९८४१ ३९९९०३ अध्यक्ष
९८४१३०९६३८ सचिव